# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.

च. नं.

प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० वैशाख १७ गते

## कमलरीहरूले भोगेका समस्याप्रति आयोगको चासो

'कमलरी प्रथा उन्मूलन संयुक्त संघर्ष समिति' को एक प्रतिनिधि मण्डलले कमलरीहरूमाथि भएको हत्या, हिंसा एवम् यौन शोषणका घटनाहरू तत्काल अन्त्य हुनुपर्ने माग राख्दै राष्ट्रिय मानव अधिकार आयोगमा ज्ञापनपत्र बुझाएको छ ।

आयोगका सदस्य गौरी प्रधानले ज्ञापनपत्र बुझ्दै कमलरीहरूमाथि भइरहेको तमाम दुर्व्यवहारका घटनाहरूप्रति आयोग गम्भीर भएको जानकारी दिनुभयो ।

सदस्य प्रधानले कमलरीहरूको मुक्ति, दीर्घकालीन पुन:स्थापना, सामाजिक एकीकरण र क्षतिपूर्तिको व्यवस्था यथासक्य छिटो हुनुपर्ने खाँचो औंल्याउँदै यस दिशामा सरकार गम्भीर हुनुपर्ने धारणा अघि सार्नुभयो ।

उहाँले २०६९ साल चैत १४ गते ललितपुरस्थित चाकुपाटमा मालिकको बालमजदुर बनिरहेकै अवस्थामा १२ वर्षीय सिर्जना चौधरीको भएको रहस्यमय मृत्युबारे आयोगले अनुगमन गरिरहेको जानकारी दिनुभयो ।

उहाँले राजधानीलगायत विभिन्न जिल्लामा कमलरीहरूमाथि भएको हत्या, हिंसा, शोषण, उत्पीडन र विभेदबारे प्राप्त उजुरीका आधारमा तत्काल विशेष टोली गठन गरी स्थलगत अनुगमन गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो ।

प्रतिनिधि मण्डलको नेतृत्व गरेर आउनुभएका फकला चौधरीले हालसम्म छजना कमलरीको हत्या भएको, २७ कमलरीलाई बेपत्ता पारिएको र ११ जना कमलरीले मालिकको यौन शोषणबाट गर्भ बोकी 'कुमारी आमा' नियति भोग्नुपरेको जानकारी दिनुभयो ।

उहाँले कमलरीहरूमाथि भएका तमाम दुर्व्यवहारप्रति सरकारको ध्यानाकर्षण बाध्यतावश वैशाख ३ र ४ गते दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर बन्द गरेको तर सरकारले यसप्रति कुनै चासो नदिएको दु:खेसो पोख्नुभयो ।

प्रतिनिधि मण्डलमा मुक्त कमलरीहरू पनि संलग्न हुनुहुनुभएको थियो ।

..............

वेदप्रसाद भट्टराई

कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org